# स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७

**प्रस्तावनाः** स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३ संशोधन गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को ६४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) "स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ रहेको छ ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. "स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३ को परिच्छेद २ को बुदाँ नं. २.४.१ (ख) को तालिकामा संशोधनः "स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३" (यस पछि "मूल निर्देशिका" भनिएको) को पेज नं. २१ तालिका दुई (जग्गाको क्षेत्रफल मापदण्ड) मा संशोधन गरी देहाय बमोजिम हुने।

| स्वास्थ्य भवनको प्रकार | डिजाईन टाईप | शैया क्षमता | सेवाग्राहीको जनसंख्या | जग्गाको न्यूनतम क्षेत्रफल | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वर्ग मि. | रोपनी | |
| प्राथमिक अस्पताल (क वर्ग) | टाईप-१ | ५१-९९ | १,००००१ देखि ३,००००० सम्म | १४,४०० | २८ | |
| | टाईप-२ | २६-५० | ५०,००० देखि १,००,००० | ६१६० | १२ | |
| | टाईप-३ | १५-२५ | २०,००१ देखि ५०,००० सम्म | ४८८० | ९.६ | |
| प्राथमिक अस्पताल (ख वर्ग) | टाईप-१ | १५ | २०,००० भन्दा बढी | ३६८० | ७.२ | |
| | टाईप-२ | १० | १५००१ देखि २०,००० सम्म | ३६८० | ७.२ | |
| | टाईप-३ | ५ | १५००० वा सो भन्दा कम | २८८० | ५.६ | |
| स्वास्थ्य | टाईप-ए | | १२,००० भन्दा | १६८० | ३.२ | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

लक्ष्मण अर्याल
सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चौकी | | | बढी | | | |
| | टाईप-बी | | ७,००० देखि १२,००० सम्म | ८८० | १.६ | |
| | टाईप-सी | | ३,००१ देखि ७,००० सम्म | ६४० | १.२ | |
| | टाईप-डी | | ३,००० सम्म | ४०० | ०.८ | |

३. "मूल निर्देशिका" को परिच्छेद ५ पेज नं. ८६ मा बुँदा २.१ पछि देहाय बमोजिमको बुँदा २.२ थप गरिएको छ।

"२.२ स्वास्थ्य संस्थाको लागि तालिकामा तोकिएको जग्गाको न्यूनतम क्षेत्रफल मध्ये दुई तिहाई जग्गा स्वास्थ्य संस्थाको उपचार सेवा संचालन सम्बन्धी भवन निर्माण गर्न पुग्ने गरी उपलब्ध भएमा बाँकी एक तिहाई जग्गा स्वास्थ्य संस्थाको ५०० मिटर भन्दा कम दुरीमा उपयुक्त पहुँच सहित बाटोले जोडिएको स्थानमा आवास तथा स्टोर प्रयोजनका लागि भवन निर्माण गर्न उपयुक्त जग्गा उपलब्ध भएमा जग्गाको न्यूनतम क्षेत्रफल पुगेको मान्न सकिन्छ ।

तर यस बुँदामा उल्लेख भए बमोजिमको न्यूनतम क्षेत्रफल पुग्ने गरी स्वास्थ्य संस्थाको उपचार सेवा संचालन सम्बन्धी भवन निर्माण गर्न र आवास तथा स्टोर प्रयोजनका लागि छुट्टाछुट्टै स्थानमा जग्गा उपलब्ध भएको अवस्थामा कार्यन्वयनकर्ता संस्थाले उपयुक्त पहुँच भएको भनी बाटो र जग्गाको विवरण सहितको प्रतिवेदन तयार गरि स्वास्थ्य सेवा विभाग/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमति लिई कार्य अघि बढाउनु पर्नेछ ।"

४. "मूल निर्देशिका" को परिच्छेद ५ को बुदाँ नं. २ को तालिका (न्यूनतम क्षेत्रफल) मा संशोधनः मूल निर्देशिकाको परिच्छेद ५ को बुदाँ नं. २ को तालिका (न्यूनतम क्षेत्रफल) हटाई देहाय बमोजिम राखिएको छ।

पेज नं. २१ तालिका दुई (जग्गाको क्षेत्रफल मापदण्ड) अनुरुप हुनेछ।

लक्ष्मण अर्याल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं